# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पियर रिभ्यू बोर्डको सूचना

यस संस्थाद्वारा जारी गरिएको Statement on Peer Review को आधारमा यस संस्थामा दर्ता भएका लेखाव्यवसायी फर्महरुले आ-आफ्नो फर्मको Peer Review गराउनु पर्दछ। लेखाव्यवसायीहरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्यूनतम बिधिहरु सही ढंगबाट अपनाई सोको अभिलेख राख्नुपर्दछ।

Peer Review भनेको माथि उल्लेखित अभिलेखको आधारमा लेखाव्यवसायी फर्महरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्यूनतम बिधिहरु सहि ढंगबाट अपनाएको छन्/छैनन् भन्ने पुनरावलोकन गर्ने विधि हो। Peer Review Report मा सम्बन्धित लेखाव्यवसायी फर्महरुको कार्यसम्पादन क्षमता र गुणस्तरमा अभिवृद्धि तथा कार्यकुशलता ल्याउन के-कस्तो सुधार गर्नुपर्छ भन्ने उल्लेख गरिन्छ। लेखाव्यवसायी फर्महरुले राखेको अभिलेख सन्तोषजनक नपाईएमा त्यसमा सुधार गर्ने मौका समेत दिइन्छ।

Peer Review संस्थाबाट तालिम प्राप्त सदस्यहरुबाट गराईन्छ तथा Peer Review Process का सम्पूर्ण गतिविधिहरुको पूर्ण गोपनियता कायम रहने व्यहोरा जानकारी गराईन्छ। साथै Peer Review प्रतिवेदनमा उल्लेख गरिने विवरणहरु अनुशासनको कार्वाहीसँग कुनै पनि किसिमले सम्बन्धित नरहने व्यहोरा समेत जानकारी गराइन्छ।

संस्थाअन्तर्गत रहेको Peer Review Board ले धितोपत्र विनिमय बजारमा सूचीकृत भएका निकायहरु तथा Public Sector Undertakings को लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुको अनिवार्य Peer Review गराउने निर्णय गरेको छ। तसर्थ यस्ता सम्पूर्ण लेखाव्यवसायी फर्महरुले आ-आफ्नो Peer Review गराउन तयार रहनुहुन यसै सूचना मार्फत् सूचित गरिन्छ।

साथै, यस संस्थाबाट Peer Review सम्वन्धी तालिम हासिल गरिसकेका योग्य सदस्यहरुलाई Peer Reviewer को रुपमा संस्थामा नाम दर्ता गराउन समेत यसै सूचनामार्फत् सूचित गरिन्छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)